# कुमाख गाउँपालिका

## रागेचौर, सल्यान

## कर्णाली प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम

## आ. व.२०८३/०८४

"समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखबासीको सदिक्षा"

**यस गरिमामय गाउँ सभाका सदस्यज्यूहरू,**

कर्मचारीहरू, पत्रकारहरू लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू,

कुमाख गाउँपालिकाको समग्र विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, सुशासन तथा समुन्नत भविष्य निर्माणको महान उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा गौरव र जिम्मेवारीको अनुभूति गरेको छु ।

यस ऐतिहासिक अवसरमा राष्ट्र, लोकतन्त्र, सामाजिक न्याय, समावेशीता तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सम्पूर्ण महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै विभिन्न राजनीतिक आन्दोलन, जनआन्दोलन तथा परिवर्तनका अभियानहरूमा घाइते, अपाङ्गता भएका तथा बेपत्ता हुनुभएका सम्पूर्ण अग्रज योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको, सहज पहुँचयोग्य तथा जनउत्तरदायी सरकारका रूपमा स्थापित भएको छ ।स्थानीय सरकारको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलताको आधार हो भन्ने विश्वासका साथ कुमाख गाउँपालिकाले जनताका अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखी आफ्नो कार्यसम्पादनलाई निरन्तर अगाडि बढाउँदै आएको छ ।

वि.सं.२०७९ को स्थानीय तह निर्वाचनमार्फत कुमाखवासी जनताले व्यक्त गर्नुभएको विश्वास, अपेक्षा र जनादेशलाई आत्मसात गर्दै हामी आफ्नो पाँच वर्षीय कार्यकालको अन्तिम वर्षमा प्रवेश गरेका छौँ।यस अवधिमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी रहेका लक्ष्य तथा प्रतिबद्धताहरू पूरा गर्ने दृढ संकल्पका साथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

“समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखवासीको सदिक्षा” भन्ने हाम्रो साझा संकल्पलाई व्यवहारमा रूपान्तरण गर्न गाउँपालिकाले शान्ति, सुशासन, पारदर्शिता, सदाचार, जवाफदेहिता तथा विकासप्रतिको प्रतिबद्धतालाई आफ्नो कार्यदिशा बनाएको छ ।सीमित स्रोत, साधन र अवसरका बीच पनि जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, आर्थिक गतिविधिलाई चलायमान बनाउने तथा विकासका प्रतिफललाई सबै नागरिकसम्म पुऱ्याउने लक्ष्यका साथ हामी निरन्तर क्रियाशील छौँ।

विश्वव्यापी आर्थिक मन्दी, बढ्दो मूल्यवृद्धि, जलवायु परिवर्तनका असर, बेरोजगारी, युवा पलायन तथा उत्पादन र उपभोगका क्षेत्रमा बढ्दो परनिर्भरता जस्ता चुनौतीहरूले हाम्रो स्थानीय अर्थतन्त्रलाई समेत प्रभावित गरिरहेका छन्।यस्ता जटिल परिस्थितिका बाबजुद आधारभूत शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, कृषिमा आधुनिकीकरण, सडक तथा पूर्वाधार विकास, रोजगार सिर्जना, सामाजिक सुरक्षा र वातावरण संरक्षणका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्ने हाम्रो प्रयास जारी रहनेछ ।

हाम्रो गाउँपालिकाका दुर्गम बस्ती, ग्रामीण समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रलाई विकासको मूलधारमा ल्याउँदै अवसर, सेवा र सुविधाको न्यायोचित पहुँच सुनिश्चित गर्नु आजको आवश्यकता हो। आर्थिक, भौतिक तथा मानव स्रोतको सीमितता, कानुनी तथा प्रक्रियागत जटिलता र विकासका बढ्दो आवश्यकताका बीच पनि हामीले जनताको आशा र भरोसालाई केन्द्रमा राखेर काम गर्नुपर्ने दायित्व वहन गरेका छौँ ।

हामीले निर्वाचनको समयमा कुमाखलाई समृद्ध, आत्मनिर्भर, व्यवस्थित र अवसरयुक्त गाउँपालिकाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका थियौँ।आज पनि सोही प्रतिबद्धतालाई मार्गदर्शनका रूपमा लिँदै कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उद्यमशीलता, सुशासन तथा सामाजिक विकासका क्षेत्रलाई प्राथमिकतामा राखेर समृद्ध कुमाख निर्माणको यात्रालाई थप गति दिने अठोट गरेका छौँ ।

तसर्थ, कुमाख गाउँपालिकाको दिगो विकास, आर्थिक रूपान्तरण, सामाजिक न्याय तथा समृद्ध भविष्य निर्माणका लागि सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत् , विकास साझेदार तथा सम्पूर्ण कुमाखवासी दाजुभाइ तथा दिदीबहिनीहरूको सक्रिय सहयोग, सहकार्य र सहभागिताको अपेक्षा गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**गाउँसभा सदस्यज्यूहरु,**

गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिको रुपमा देहायका क्षेत्रगत नीतिहरुको अख्तियारी गरिनेछः-

**(क) आर्थिक विकास तर्फ नीतिहरु :**

१ गाउँपालिकाको आर्थिक समृद्धि, रोजगारी सिर्जना तथा खाद्य एवं पोषण सुरक्षालाई सुदृढ बनाउन कृषि तथा पशुपन्छी क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरणमार्फत उत्पादनमुखी क्षेत्रका रूपमा विकास गरिनेछ।

२ स्थानीय तथा उन्नत जातका फलफूल, तरकारी, धान, च्याउ, अलैची लगायतका अन्य उच्च मूल्यका बालीहरूको उत्पादन, उत्पादकत्व वृद्धि र खेती विस्तार गरी कृषि क्षेत्रको व्यावसायीकरणमा विशेष जोड दिइनेछ।

३ कृषि तथा पशुपन्छी उत्पादनको सम्भाव्यता र विशिष्टीकरणका आधारमा पकेट तथा ब्लक विकास कार्यक्रम सञ्चालन गरी उत्पादन क्षेत्रको विस्तार र व्यवस्थापन गरिनेछ।

४ कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरणका लागि कृषि यन्त्र, सिँचाइ, भण्डारण, संकलन केन्द्र, पशु आवास, गोठ तथा खोर सुधार लगायत आवश्यक पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ।

५ कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि उन्नत बीउबिजन, आधुनिक कृषि प्रविधि, अनुसन्धानमा आधारित नवप्रवर्तन तथा प्राविधिक सेवाहरू कृषकसम्म प्रभावकारी रूपमा विस्तार गरिनेछ।उपयुक्त स्थानमा कृषि तथा पशु सेवा केन्द्रहरुको विस्तार गरिनेछ।

६ कृषियोग्य भूमिको वैज्ञानिक व्यवस्थापनका लागि माटो परीक्षण शिविर सञ्चालन गरी माटोको गुणस्तर तथा प्रकृतिअनुसार उपयुक्त बाली उत्पादनमा कृषकलाई प्राविधिक सहयोग तथा प्रोत्साहन प्रदान गरिनेछ।

७ कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन वृद्धि, आयआर्जन र उद्यमशीलता विकासका लागि कृषक पाठशाला, स्थलगत तालिम, अध्ययन–अवलोकन भ्रमण, प्राविधिक परामर्श तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८ कृषि उपजको संकलन, भण्डारण, प्रशोधन तथा बजारीकरणलाई व्यवस्थित बनाउन कृषि बजार तथा संकलन केन्द्रहरूको विकास गरिनेछ र निजी क्षेत्रको लगानी तथा सहभागितालाई प्रोत्साहन गरिनेछ।

९ स्थानीय उत्पादनको मूल्य अभिवृद्धि, बजारीकरण तथा पहिचान प्रवर्द्धनका लागि "कुमाखको चिनारी" ब्रान्डको विकास तथा प्रवर्द्धन गरिनेछ।

१० स्थानीय खाद्य परम्परा, जैविक विविधता तथा खाद्य सुरक्षाको संरक्षणका लागि रैथाने बालीहरूको संरक्षण, संवर्द्धन तथा व्यावसायीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११ वास्तविक किसानलाई उत्पादनमुखी अनुदान, कृषि सामग्री तथा प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ। बाँझो तथा उपयोगविहीन कृषियोग्य भूमिको उपयोग गरी कृषि व्यवसाय सञ्चालन गर्न इच्छुक कृषक, युवा तथा उद्यमीहरूलाई विशेष प्रोत्साहन गरिनेछ।

१२ विपन्न, सीमान्तकृत तथा लक्षित वर्गका कृषकहरूको आयआर्जन अभिवृद्धि गर्न लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१३ गाउँपालिकालाई दूध, मासु तथा अण्डा उत्पादनमा क्रमशः आत्मनिर्भर बनाउने लक्ष्यका साथ व्यावसायिक पशुपालनलाई प्रोत्साहन गरिनेछ तथा दुग्ध उत्पादन वृद्धि गर्न भैंसीपालन लगायत सम्भावनायुक्त पशुपालन कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

१४ पशुपन्छीको नस्ल सुधार तथा उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान तथा उन्नत प्रजनन प्रविधिको विस्तार गरी उन्नत तथा वर्णशंकर जातका पशुपन्छीहरूको विकास गरिनेछ।

१५ जुनोटिक रोग तथा अन्य संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण र पशु स्वास्थ्य सुधारका लागि नियमित खोप, उपचार सेवा, घुम्ती पशु स्वास्थ्य शिविर तथा बाँझोपन निवारण कार्यक्रम सञ्चालन गरिनेछ।

१६ पशुपालन व्यवसायमा रहेका जोखिम न्यूनीकरण गर्न पशु बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ तथा पशुपालक कृषकहरूको बीमामा पहुँच विस्तार गरिनेछ।

१७ पशुपन्छीका लागि आवश्यक पोषणयुक्त आहाराको सुनिश्चितता तथा वातावरण संरक्षणका लागि बहुवर्षीय तथा एकवर्षीय डाले तथा भुइँघाँस खेती विस्तार गरी हरित तथा वातावरणमैत्री पशुपालन प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

१८ कृषि तथा पशुपन्छी क्षेत्रको योजनाबद्ध विकास, अनुगमन तथा तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउन कृषक प्रोफाइल तथा पशुपन्छी सम्बन्धी विवरणलाई नियमित रूपमा अद्यावधिक गरी एकीकृत कृषि तथा पशुपन्छी सूचना प्रणाली विकास गरिनेछ।

१९ कृषि तथा पशुपन्छी क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने कृषक तथा उद्यमीहरूलाई सम्मानित गर्न "कृषकसँग स्थानीय सरकार" अन्तर्गत उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२० सहकारी संस्थाहरूलाई आर्थिक विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार सिर्जना तथा सामाजिक परिचालनको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्दै छरिएको पूँजीको परिचालन, संस्थागत क्षमता अभिवृद्धि, सहकारी शिक्षा तथा व्यवस्थापन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। साथै उत्पादन, लगानी र आयआर्जन अभिवृद्धिमा योगदान पुऱ्याउने सहकारी संस्थाहरूलाई आवश्यकताको आधारमा प्रोत्साहन तथा सहयोग उपलब्ध गराइनेछ।

२१ सहकारी क्षेत्रको सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा प्रभावकारी नियमन सुनिश्चित गर्न एउटै प्रकृतिका सहकारी संस्थाहरूको दर्ता प्रक्रियामा कडाइ गरिनेछ । सञ्चालनमा रहेका सबै सहकारी संस्थाहरूलाई अनिवार्य रूपमा COPOMIS मा आबद्ध गराई नियमित अनुगमन तथा नियमनको व्यवस्था सुदृढ गरिनेछ।

२२ स्थानीय स्रोत, साधन, सीप तथा कच्चा पदार्थको अधिकतम उपयोग गरी उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। यसका लागि युवायुवती, विपन्न तथा पछाडि परेका समुदायलाई लक्षित गरी सीप विकास तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२३ उद्यमशीलता प्रवर्द्धन गर्न युवाहरूलाई आवश्यक सीप, प्रविधि हस्तान्तरण तथा उद्यम स्थापना सहयोग प्रदान गरिनेछ।गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत नयाँ उद्यम सिर्जना गर्दै स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना गरिनेछ।

२४ संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा समुदायस्तरमै पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्न उत्पादनशील र उद्यमशीलतामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२५ गाउँपालिकाबाट प्रदान गरिने पुनः श्रम स्वीकृति नवीकरण सम्बन्धी सेवालाई थप प्रभावकारी, भरपर्दो, सहज तथा नागरिकमैत्री बनाउँदै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गरिनेछ।

२६ राष्ट्रिय रोजगार कार्यक्रमलाई दिगो, प्रभावकारी तथा परिणाममुखी बनाउन स्थानीय तहबाट गरिँदै आएको लागत साझेदारीलाई निरन्तरता दिइनेछ।

२७ वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण, क्षमता विकास तथा आर्थिक सशक्तीकरणका लागि उद्यमशीलता प्रवर्द्धन र सीपमूलक तालिम सञ्चालन गरिनेछ।

२८ रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिहरूको शिक्षा, ज्ञान, सीप तथा अनुभवसम्बन्धी विवरण नियमित रूपमा अद्यावधिक गरी उनीहरूको दक्षता र योग्यताका आधारमा प्राथमिकताका साथ पालिकाद्वारा सञ्चालन गरिने विकास निर्माण तथा अन्य सार्वजनिक कामहरूमा लगाउन प्राथमिकता दिइनेछ।

२९ स्थानीय उद्योगहरूको संरक्षण, प्रवर्द्धन तथा विस्तार गर्दै औद्योगिक गतिविधिमा निजी क्षेत्रको सहभागिता तथा लगानीलाई प्रोत्साहन गरिनेछ।

३० सरकारी, निजी, गैरसरकारी तथा सहकारी क्षेत्रबीच सहकार्य र साझेदारी (Public–Private–Co-operative Partnership) को माध्यमबाट विकास निर्माण तथा सेवा प्रवाहका कार्यक्रम सञ्चालन गरिनेछ।

३१ गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, दस्तावेजीकरण र प्रवर्द्धन गरिनेछ। कुमाख लेख लगायतका ऐतिहासिक स्थल तथा परम्परागत ज्ञानको संरक्षणका लागि डिजिटल सामग्री, छोटो भिडियो तथा पुस्तक प्रकाशनमार्फत प्रचार–प्रसार गरिनेछ।

३२ बजार क्षेत्र तथा स्थानीय आर्थिक गतिविधिमा उपभोक्ता हित संरक्षणका लागि औषधी पसल, कृषि तथा पशु सेवा केन्द्र, मासु पसल तथा अन्य व्यवसायहरूको नियमित अनुगमन, नियमन तथा गुणस्तर सुनिश्चितता गरिनेछ।

३३ असल उद्यम अभ्यास, नवप्रवर्तन तथा प्रतिस्पर्धात्मक व्यवसायिक संस्कृतिको विकासलाई प्रोत्साहन गरिनेछ।

३४ वित्तीय साक्षरता अभिवृद्धिका लागि पालिकामा रहेका बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३५ भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई वर्षभरी उपलब्ध गराइनेछ, जसअन्तरगंत साना तथा ठूला सिँचाई पोखरीको निर्माण, सिँचाई कुलो निर्माण र वर्षे पानी संकलन पोखरी निर्माण कार्यलाई निरन्तरता दिन बजेट विनियोजन गरिनेछ।

३६ बढ्दै गरेको रसायनिक मलको प्रयोगलाई न्युनिकरण गर्दै प्राङ्गारिक तथा जैविक मलको प्रयोगलाई बढवा दिईने छ साथै यस्ता मलको उत्पादन र प्रयोग गर्न कृषकहरुलाई प्रेरित गरिनेछ।

३७ गाँउपालिका स्तरिय कृषक सञ्जाल गठन गरि कृषि सम्बन्धी कार्यक्रम तथा गतिबिधिहरुलाई सहजिकरण गरिने छ।

३८ बादर तथा बदेलले पुर्याउने क्षति न्युनिकरणका लागि बिबिध उपायहरुको खोजि गरि कार्यान्वयनका लागि पहल गरिनेछ।

३९ एक घर एक करेसाबारीको नीति लिईनेछ।

४० स्थानीय तहबाट प्रदान गरिने रोजगार, सिप तथा उद्यमशीलता संग सम्बन्धित कार्यक्रम तथा सेवा प्रवाहहरु एकीकृत रुपमा संचालन गर्न गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र लाइ ‘रोजगार, सीप तथा उद्यमशीलता केन्द्रका रुपमा रुपान्तरण गरि प्रभावकारी रुपमा संचालन गरिनेछ।

४१ रोजगारदाताबाट प्राप्त रिक्त पदहरूको विवरण संकलन गरी योग्य उम्मेदवारलाई जब म्याचिङ्ग तथा रेफरल सेवा प्रदान गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**(ख) सामाजिक विकास तर्फ नीतिहरु :**

१ नागरिकको स्वास्थ्यलाई गाउँपालिकाको प्रमुख प्राथमिकताका रूपमा स्थापित गर्दै गुणस्तरीय, पहुँचयोग्य, समावेशी तथा नागरिकमैत्री स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।

२ गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण, जनशक्ति तथा सेवा क्षमताको क्रमिक स्तरोन्नति गरी आवश्यक स्रोत–साधनयुक्त बनाइनेछ ।निःशुल्क औषधिको नियमित उपलब्धता तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

३ स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका दुर्गम तथा विकट बस्तीहरूमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सामुदायिक रोमिङ नर्स कार्यक्रम तथा अन्य पहुँचमुखी स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ।

४ आकस्मिक स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापनका लागि स्वास्थ्य संस्थाहरूमा आकस्मिक सेवा सुदृढ गरिनुका साथै एम्बुलेन्स सेवालाई व्यवस्थित, पहुँचयोग्य र प्रभावकारी बनाइनेछ।

५ गर्भवती तथा सुत्केरी महिलाको सुरक्षित मातृत्व सुनिश्चित गर्न संस्थागत सुत्केरीलाई प्रोत्साहन गरिनेछ। स्वास्थ्य संस्थामा प्रसूति सेवाका लागि गएकोमा आवश्यकताअनुसार रिफर गरिएका गर्भवती महिलालाई चौरजहारी र सल्यान खलंगा सम्म निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

६ मातृ, नवशिशु, बाल तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। सुनौला हजार दिनका आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन पोषण प्रवर्द्धन तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

७ राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सबै बालबालिकाको पूर्ण खोप सुनिश्चित गरिनेछ र खोप सुनिश्चितता तथा दिगोपनासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रममार्फत किशोरीहरूलाई आइरन–फोलिक एसिड वितरण, विद्यार्थीहरूलाई जुकाको औषधि उपलब्ध गराउने, छात्राहरुको लागि स्यानिटरी प्याडको व्यवस्थापन तथा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९ नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि स्वस्थ जीवनशैली प्रवर्द्धन, नियमित स्वास्थ्य परीक्षण, जनचेतनामूलक तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१० मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको रोकथाम, उपचार र पुनर्स्थापनाका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवालाई विस्तार गरिनेछ ।आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि समुदायस्तरमा जनचेतना तथा सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

११ क्षयरोग, औलो, डेँगी, रेबिज लगायत सरुवा तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण र उपचारका लागि विशेष अभियान सञ्चालन गरिनेछ तथा गाउँपालिकालाई क्रमशः क्षयरोगमुक्त पालिका बनाउने लक्ष्यका साथ आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१२ मानव तथा पशु स्वास्थ्यसँग सम्बन्धित जुनोटिक रोगहरूको नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक खोप तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३ महामारी, प्रकोप तथा स्वास्थ्य आपत्कालीन अवस्थाको प्रभावकारी व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य योजना तथा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिनेछ।

१४ गाउँपालिकाको सहिद स्मृति अस्पताल, शेराडाँडाको सेवा क्षमतालाई विस्तार गर्दै आधुनिक डायग्नोस्टिक उपकरण, डिजिटल एक्स–रे, भिडियो एक्स–रे, प्रयोगशाला सेवा तथा विशेषज्ञ स्वास्थ्य सेवाको क्रमिक विकास गरिनेछ। त्यहाँ कार्यरत कर्मचारीहरुको कार्यचापलाई मध्यनजर गर्दै उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

१५ प्रदेश सरकार तथा सम्बन्धित निकायहरूसँगको समन्वयमा टेलिमेडिसिन सेवाको सम्भाव्यता अध्ययन गरी विशेषज्ञ स्वास्थ्य सेवालाई स्थानीय तहसम्म विस्तार गर्ने पहल गरिनेछ।

१६ महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको उच्च सम्मान गर्दै प्रोत्साहन सुविधा, क्षमता विकास तथा स्वास्थ्य बीमा व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।गाउँपालिकाले प्रदान गर्दै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ।

१७ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन, समन्वय तथा नियमन प्रणालीलाई सुदृढ बनाइनेछ।

१८ आयुर्वेद तथा वैकल्पिक उपचार पद्धतिको प्रवर्द्धन गर्दै आयुर्वेद सेवा केन्द्रको सुदृढीकरण, आवश्यक जनशक्ति व्यवस्थापन तथा स्थानीय जडीबुटी संरक्षण, प्रशोधन र उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१९ स्वास्थ्य क्षेत्रको समग्र सुधार, सुशासन, व्यवस्थापकीय क्षमता अभिवृद्धि तथा सेवा गुणस्तर सुधारका लागि विकास साझेदार, रेडक्रस तथा अन्य सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीलाई प्रभावकारी बनाइनेछ।

२० गुणस्तरीय, समावेशी, बालमैत्री, सुरक्षित तथा प्रविधिमैत्री शिक्षाको सुनिश्चितता गर्दै सार्वजनिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिलाई उच्च प्राथमिकताका साथ अघि बढाइनेछ।

२१ सार्वजनिक विद्यालयहरूमा न्यूनतम शैक्षिक पूर्वाधारको सुनिश्चितता गर्दै कक्षाकोठा निर्माण, जीर्ण भवन पुनर्निर्माण, सुरक्षित खानेपानी, सरसफाइयुक्त शौचालय तथा अन्य आधारभूत सुविधाहरूको विस्तार गरिनेछ। साथै सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइका लागि आवश्यक भौतिक तथा डिजिटल पूर्वाधार विकास गरिनेछ।

२२ विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनुका साथै विद्यालय निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा शैक्षिक मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

२३ शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास, कार्यसम्पादन सुधार तथा उत्प्रेरणाका लागि विभिन्न तालिम, प्रोत्साहन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२४ विद्यालयस्तरीय परीक्षा तथा सिकाइ उपलब्धि मूल्याङ्कन प्रणालीलाई व्यवस्थित, विश्वसनीय, पारदर्शी तथा नतिजामुखी बनाइनेछ।

२५ विद्यार्थीहरूको पठन संस्कृति, लेखन सीप, सिर्जनशीलता, नेतृत्व क्षमता तथा व्यक्तित्व विकासका लागि पढाइ मेला, हस्तलेखन सुधार कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला, कला, साहित्य, खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

२६ विद्यार्थीहरूमा वैज्ञानिक सोच, नवप्रवर्तन तथा अनुसन्धान संस्कृतिको विकास गर्न विज्ञान सामग्री निर्माण, प्रदर्शन, नवप्रवर्तनमूलक सिकाइ तथा अनुसन्धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२७ विद्यालय शिक्षालाई प्रविधिमैत्री तथा आधुनिक बनाउँदै विद्यालयहरूमा क्रमशः कम्प्युटर, ल्यापटप, प्रिन्टर, इन्टरनेट तथा अन्य डिजिटल शिक्षण सामग्रीको व्यवस्था गरिनेछ।

२८ सामुदायिक विद्यालयहरूमा शिक्षक–विद्यार्थी अनुपात सन्तुलित बनाउन शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा शैक्षिक स्रोत व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। साथै संख्यात्मक उपलब्धिभन्दा गुणात्मक सिकाइ उपलब्धिमा विशेष जोड दिइनेछ।

२९ विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय सरकारबीचको सहकार्य र साझेदारीलाई सुदृढ गर्दै उत्तरदायी, नतिजामुखी तथा गुणस्तरीय शैक्षिक वातावरण निर्माण गरिनेछ।

३० शैक्षिक सुधार, सुशासन तथा समन्वय अभिवृद्धिका लागि प्रत्येक त्रैमासिक रूपमा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा प्रधानाध्यापकहरूको समन्वयात्मक बैठक सञ्चालन गरी आवश्यक सुधारात्मक कदमहरू अवलम्बन गरिनेछ।

३१ सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको प्रशासनिक, नेतृत्वदायी तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि विशेष तालिम सञ्चालन गरिनेछ।

३२ युवाहरूलाई सक्षम, सिर्जनशील, स्वरोजगारमुखी तथा सीपयुक्त बनाउन आवश्यकता र सम्भावनामा आधारित छोटो अवधिका सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ।

३३ खेलकुद क्षेत्रको संस्थागत विकास, प्रतिभा पहिचान र खेलाडी उत्पादनलाई प्रोत्साहन गर्न खेल प्रशिक्षकको व्यवस्था गरी माध्यमिक विद्यालयहरूमा नियमित रूपमा खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यालय तथा पालिकास्तरका खेलकुद गतिविधिहरूलाई प्रवर्द्धन गर्दै राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप लगायतका प्रतियोगिताहरूलाई व्यवस्थित, मर्यादित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३४ युवाहरूको नेतृत्व, सहभागिता तथा क्षमता विकासलाई प्रवर्द्धन गर्दै पालिकाका नीति तथा निर्णय प्रक्रियामा उनीहरूको रचनात्मक सुझाव र सहभागितालाई सुनिश्चित गरिनेछ । साथै युवाहरूमा बढ्दो नैराश्यता, लागुऔषध दुर्व्यसन तथा सामाजिक विकृतिहरूको न्यूनीकरणका लागि उत्प्रेरणा, परामर्श, सचेतना तथा जीवनोपयोगी सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३५ गाउँपालिकाभित्र सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गर्न "एक घर एक धारा" अभियानलाई निरन्तरता दिँदै नयाँ खानेपानी योजनाको निर्माण, विस्तार तथा पुराना योजनाहरूको मर्मत, सुधार र पुनःस्थापनालाई प्राथमिकता दिइनेछ।

३६ खानेपानी योजनाहरूको दिगो, नियमित र भरपर्दो सञ्चालन सुनिश्चित गर्न उपभोक्ता समितिहरूको संस्थागत सुदृढीकरण, क्षमता विकास तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ। साथै जीर्ण, आंशिक रूपमा सञ्चालनमा रहेका तथा बन्द भएका खानेपानी योजनाहरूको पुनःनिर्माण, स्तरोन्नति र मर्मत–सम्भारलाई प्राथमिकता दिई खानेपानी सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गरिनेछ।

३७ विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक संस्थाहरूमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको विस्तार र सुधार गरिनेछ।

३८ खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित परीक्षण तथा अनुगमन प्रणालीलाई सुदृढ बनाइनेछ।

३९ खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) क्षेत्रको समग्र विकासका लागि सुस्वालगायत अन्य संघ, प्रदेश, विकास साझेदार तथा अन्य सरोकारवाला संस्थाहरूसँग सहकार्य, समन्वय र साझेदारीलाई प्रवर्द्धन गरिनेछ।

४० फोहोरमैलाको स्रोतमै वर्गीकरण, सङ्कलन, पुनःप्रयोग तथा व्यवस्थापनलाई व्यवस्थित गर्दै वातावरणमैत्री फोहोरमैला व्यवस्थापन प्रणाली विकास गरिनेछ तथा आवश्यकताअनुसार ल्याण्डफिल्ड साइटको व्यवस्था गरिनेछ।

४१ स्वच्छ, सफा र स्वस्थ वातावरण निर्माणका लागि समुदायमा सरसफाइ तथा स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र पूर्ण सरसफाइको अवस्थालाई दिगो बनाइनेछ।

४२ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, दलित, एकल महिला, द्वन्द्वपीडित तथा अन्य लक्षित वर्गको संरक्षण, सम्मान, सशक्तीकरण र मूलप्रवाहीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४३ सामाजिक सुरक्षा प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउँदै अति अशक्त ज्येष्ठ नागरिक तथा पूर्ण अशक्तता भएका व्यक्तिहरूलाई घरदैलोमै पुगेर बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४४ ज्येष्ठ नागरिकहरूको सम्मान, संरक्षण तथा उनीहरूमा निहित ज्ञान, सीप, अनुभव र संस्कृतिको पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ तथा **दीर्घ जीवन इश्वरको बरदान** भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकहरूको सम्मान गरिनेछ।

४५ सामाजिक उत्तरदायित्व र सेवाभावलाई प्रोत्साहन गर्न स्वेच्छाले सामाजिक सुरक्षा भत्ता नलिने व्यक्तिहरूलाई सार्वजनिक सम्मानको व्यवस्था मिलाइनेछ।

४६ महिला सशक्तीकरण, एकल महिलाको आर्थिक आत्मनिर्भरता तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासका लागि सीप, उद्यमशीलता तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४७ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, बालश्रम, सामाजिक विभेद, कुरीति, अन्धविश्वास तथा सबै प्रकारका शोषणविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सचेतनामूलक तथा समुदाय परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

४८ बालअधिकार संरक्षण, बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बाल संरक्षणका लागि आवश्यक कार्ययोजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

४९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय विकास प्रक्रियाको मूलप्रवाहमा समावेश गर्दै वडास्तरदेखि नै लैङ्गिक उत्तरदायी बजेट कोडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ।

५० अपाङ्गता भएका व्यक्तिहरूको सेवा पहुँच अभिवृद्धिका लागि अपाङ्ग परिचयपत्र वितरण तथा नवीकरण कार्यलाई सहज, व्यवस्थित र पहुँचयोग्य बनाइनेछ। वितरण गरिएका अपाङ्ग परिचय पत्रलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिएकोले आगामी वर्षमा परिचय पत्र अद्यावधिक गर्ने कार्य गरिनेछ।

५१ सार्वजनिक भवन, विद्यालय तथा अन्य पूर्वाधार निर्माणमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री मापदण्ड अवलम्बन गरिनेछ।

५२ दलित समुदायको शिक्षा, स्वास्थ्य, सीप विकास, रोजगारी तथा सामाजिक न्यायमा पहुँच अभिवृद्धि गर्न लक्षित कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।दलित समुदायको परम्परागत ज्ञानमा आधारित सीपलाई प्रवर्द्धन गरिनेछ।

५३ लैङ्गिक समानता, सामाजिक न्याय, समावेशी विकास तथा मानव अधिकारको प्रत्याभूति हुने गरी समुदायमा आधारित संघसंस्था, आमा समूह, युवा क्लब, बाल क्लब तथा टोल विकास संस्थाहरूलाई परिचालन गरी सामाजिक रूपान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।

५४ महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य वीमाको प्रिमियम (Premium) गाउँपालिकाकाले उत्प्रेरणाका रुपमा तिरिदिनेछ।

५५ सामुदायिक विद्यालयको व्यवस्थापन र गुणस्तर मापन गरी विद्यालयहरुको स्तरीकरण गरिनेछ।

५६ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक १-८ अद्यावधिक गरिनेछ।

५७ सवै बालबालिकाहरू आधारभूत तहको शिक्षामा समान अवसर प्रदान गर्दै पहुँच र गुणस्तर वृद्धि गर्न आधारभूत तहका १-५ मा गाउँपालिका अनुदान शिक्षक थप गरिनेछ।

५८ विद्यार्थी/ अभिभावकहरुमा शिक्षाको आवश्यकता र बोध गराउदै सिकाईलाई निरन्तर जीवन सँग जोड्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ। विद्यार्थीका दैनिक क्रियाकलापको अभिलेखिकरण गर्न आफूले अध्यापन गर्ने विषयलाई व्यवस्थित गर्न शिक्षक डायरी लगबुक प्रयोगमा ल्याईनेछ।

५९ प्रधानाध्यापक पदलाई विद्यालयको प्रशासनिक र प्राज्ञिक रुपमा व्यवस्थित गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**(ग) पूर्वाधार विकास तर्फ नीतिहरु :**

१ आर्थिक वर्ष २०८२/०८३ मा संचालित क्रमागत आयोजनाहरुमध्ये भौतिक प्रगति सन्तोषजनक भएकालाई निरन्तरता दिइनेछ भने हेलचक्राई तथा लापरवाही गरी काम नगरेका निर्माण कार्यलाई खरिद ऐनबमोजिमको कारबाही अगाडी बढाइनेछ ।

२ गाउँपालिकाबाट सञ्चालन हुने सडक निर्माण तथा स्तरोन्नती सम्बन्धी कार्यलगायतका मेसिन प्रयोग गर्नुपर्ने कार्य र १० लाख भन्दा माथिका काम अनिवार्य रुपमा अनलाईन प्रणालीमा आधारित बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र कार्यान्वयन गरिनेछ ।

३ गाउँपालिका भित्रको सडक सञ्जाललाई सुरक्षित, व्यवस्थित, बाह्रै महिना सञ्चालनयोग्य बनाउन प्रत्येक वडाका एक/एक वटा मूख्य सडकहरुलाई आगामी आर्थिक वर्षमा स्तरोन्नती कार्यलाई प्राथमिकता दिइनेछ ।

४ कुमाख गाउँपालिकाको सडक गुरुयोजना (MTMP) आगामी वर्षमा अनिवार्य रुपमा तयार गरी स्वीकृत गरिनेछ । साथै घर नक्सा पास सम्बन्धी आवश्यक पर्ने कार्यविधि स्वीकृत गरी भवन निर्माण मापदण्ड बमोजिम नयाँ भवन निर्माणमा जोड दिँदै नक्सा पास कार्यको सुरुवात तथा भवन अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

५ निर्माणाधीन मोटरेबल पुललाई निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । साथै आवागमन सहज, सुरक्षित र भरपर्दो बनाउन आवश्यक स्थानहरूमा नयाँ पुल निर्माणका लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा स्रोत व्यवस्थापनका कार्यहरू अघि बढाइनेछ ।

६ गाउँपालिकाभित्र विद्युत् सेवा पहुँच नपुगेका टोल तथा बस्तीहरूमा सम्बन्धित निकायसँग समन्वय गरी विद्युतीकरण कार्यलाई विस्तार तथा निरन्तरता दिइनेछ ।

७ व्यवस्थित बस्ती विकास, सुरक्षित आवास निर्माण तथा योजनाबद्ध सहरीकरणलाई प्रवर्द्धन गर्न प्रचलित भवन निर्माण मापदण्ड तथा भू-उपयोग सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८ गाउँपालिकाको स्वामित्वमा रहेका भवन, जग्गा, अन्य सार्वजनिक सम्पत्ति तथा अतिक्रमणको जोखिममा रहेका सार्वजनिक जग्गाहरूको अभिलेखीकरण तथा संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ । साथै सुरक्षित र व्यवस्थापनलाई सुदृढ बनाउन घेरबार, हरियाली प्रवर्द्धन, बगैँचा निर्माण लगायतका कार्यलाई प्राथमिकता दिइनेछ ।

९ सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच विस्तार गर्न सबै वडामा उच्च गतिको इन्टरनेट सेवा उपलब्ध गराउने उद्देश्यले सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी फाइबर नेटवर्क विस्तार कार्यलाई प्रोत्साहन गरिनेछ ।

१० गाउँपालिकाको सेवा प्रवाह, अभिलेख व्यवस्थापन तथा प्रशासनिक कार्यलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधि पूर्वाधारको विकास, डिजिटल प्रणालीको विस्तार तथा आवश्यक जनशक्ति क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ नीतिहरु:**

१ प्राकृतिक प्रकोप तथा विपद्का जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरी विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ ।

२ जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतहरूको संरक्षणलाई प्रवर्द्धन गर्न लोपोन्मुख, अतिक्रमित तथा संरक्षणको आवश्यकता रहेका सामुदायिक रिचार्ज पोखरीहरूको निर्माण, पुनर्निर्माण, संरक्षण तथा पुनर्स्थापना कार्य सामुदायिक वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरूसँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

३ वन सम्पदाको दिगो उपयोग, संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउँदै वन क्षेत्रको सुशासन, जैविक विविधता संरक्षण तथा वातावरणीय सन्तुलन कायम गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४ गाउँपालिकाको फोहोर व्यवस्थापनलाई व्यवस्थित, वातावरणमैत्री र दिगो बनाउन एकीकृत फोहोर व्यवस्थापन योजना तर्जुमा गरी स्रोतमा वर्गीकरण, संकलन, प्रशोधन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

५ गाउँपालिकाभित्र क्रियाशील सबै सामुदायिक वन उपभोक्ता समूहहरूको अभिलेखीकरण तथा सूचीकृत गर्ने व्यवस्था लागू गरिनेछ। साथै प्रचलित कानुनबमोजिम सामुदायिक वन उपभोक्ता समूहहरूको आर्थिक कारोबारलाई व्यवस्थित, पारदर्शी र कर प्रणालीको दायराभित्र ल्याउन आवश्यक व्यवस्था गरिनेछ।

६ वन डढेलो नियन्त्रणका लागि पूर्वतयारी, सचेतना तथा सामुदायिक अग्नि नियन्त्रण समूह परिचालन गरिनेछ।

७ विद्यालय तथा समुदायस्तरमा वातावरण तथा विपद् शिक्षा, सचेतना र ड्रिल सिमुलेशन सञ्चालन गरिनेछ।

८ स्थानीय विपद् जोखिम नक्सांकन (Hazard Mapping) तथा जोखिम क्षेत्र पहिचान गरिनेछ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

**(ङ) सुशासन तथा सार्वजनिक सेवा तर्फका नीतिहरु:**

१. स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS), एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) तथा अन्य मूल्याङ्कन प्रणालीहरूमा उत्कृष्ट नतिजा हासिल गर्न आवश्यक बजेट तथा व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ। सम्बन्धित शाखाहरूले आफ्नो जिम्मेवारीका सूचक तथा उपसूचकसँग सम्बन्धित कागजात, अभिलेख र प्रतिवेदन नियमित अद्यावधिक गर्दै संस्थागत सुधार कार्ययोजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

२. गाउँपालिकाको जनशक्ति विकास योजना तयार गरी कर्मचारीहरूको कार्यविवरण, जिम्मेवारी र कार्यसम्पादनका आधारमा तालिम, अध्ययन-अवलोकन भ्रमण तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। साथै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था गरिनेछ।

३. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै व्यवसाय तथा फर्महरूको व्यवसाय दर्ता र नवीकरणलाई अनिवार्य गरिनेछ। गाउँपालिका, वडा कार्यालय तथा उपभोक्ता समितिमार्फत हुने खरिद तथा भुक्तानी प्रक्रियामा स्थानीय तहमा दर्ता तथा व्यवसाय कर चुक्ता गरेका फर्मलाई मात्र प्राथमिकता दिने व्यवस्था लागू गरिनेछ। दर्ता तथा कर दायित्व पूरा नगरेका फर्महरूसँग हुने आर्थिक कारोबारलाई निषेध गरिनेछ।

४. स्वीकृत दरबन्दीअनुसार रिक्त पदहरूको पदपूर्तिका लागि समयमै लोक सेवा आयोगमा माग पठाइनेछ र कार्यालयमा लामो समयसम्म कार्यरत करार कर्मचारीलाई उचित मौद्रिक/ गैरमौद्रिक प्रोत्साहन सहित निजको दरबन्दीमा स्थायी कर्मचारी आएसँगै विदाई गरिनेछ। साथै संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी समयसापेक्ष संगठन संरचना तथा आवश्यक दरबन्दी व्यवस्थापनको प्रक्रिया अगाडि बढाइनेछ।

५. कर्मचारीहरूको वृत्ति विकास, क्षमता अभिवृद्धि, उत्प्रेरणा तथा कल्याणकारी सुविधाका लागि कर्मचारी कल्याण कोषमा आवश्यक रकम विनियोजन गरी उक्त कोषलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

६. नगर प्रहरी सम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था गरी सुरक्षा व्यवस्थापन, राजस्व चुहावट नियन्त्रण, बजार अनुगमन, सार्वजनिक सम्पत्ति संरक्षण, सरसफाइ प्रवर्द्धन तथा विपद् व्यवस्थापनका कार्यहरू अन्य सुरक्षा निकायहरूसँगको समन्वयमा सञ्चालन गरिनेछ।

७. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण, बहिर्गमन अभिमत तथा सूचनाको हकसम्बन्धी व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सेवाग्राही सन्तुष्टि मापनका लागि विद्युतीय तथा अन्य उपयुक्त माध्यमहरूको प्रयोग गरिनेछ।

८. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवामा निष्पक्षता, पारदर्शिता र समान पहुँच सुनिश्चित गर्न 'पहिले आउने, पहिले सेवा पाउने' सिद्धान्त अवलम्बन गरिनेछ तथा डिजिटल नागरिक बडापत्रमार्फत सेवा प्रवाहलाई थप व्यवस्थित र नागरिकमैत्री बनाइनेछ।

९. लेखापरीक्षणबाट औँल्याइएका सुझाव तथा सुधारका विषयहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। पेश्की फछ्र्यौट, बेरुजु व्यवस्थापन, सम्परीक्षण तथा असुलउपर गर्नुपर्ने रकम असुलीलाई अभियानकै रूपमा सञ्चालन गरी बेरुजु न्यूनीकरणमा विशेष जोड दिँदै असुल उपर गर्नुपर्ने बेरुजु शून्य बनाउने प्रयास गरिनेछ।

१०.सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापनलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाउन वार्षिक खरिद योजना तर्जुमा गरी आर्थिक वर्षको प्रारम्भमै स्वीकृत गरिनेछ। खरिद कार्यलाई एकद्वार प्रणालीमार्फत सञ्चालन गर्दै टुक्रे खरिदलाई निरुत्साहित गरिनेछ।

११.करदाता शिक्षा, राजस्व सचेतना कार्यक्रम, राजस्व शिविर तथा नियमित बजार अनुगमनमार्फत कर प्रशासनलाई प्रभावकारी बनाइनेछ । कर प्रशासन सम्बन्धी कार्य स्थानीय तहबाट नै गर्ने सङ्घीय सरकारको नीतिबमोजिम करदाता सेवा कार्यालयबाट प्रदान गरिने सेवा गाउँपालिकाबाट नै प्रदान गर्ने कार्यको सुरुवात गरिनेछ ।

१२. आन्तरिक राजस्वका स्रोतहरूको पहिचान, विस्तार, अभिलेखीकरण, मूल्याङ्कन तथा संकलन प्रणालीलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ । राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि गर्दै गाउँपालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धिका लागि करको दायरा विस्तार गरिनेछ ।

१३.नदीजन्य तथा अन्य प्राकृतिक स्रोतसाधनको उत्खनन, संकलन र उपयोगलाई प्रचलित कानुन तथा स्वीकृत वातावरणीय मापदण्डबमोजिम व्यवस्थित गरिनेछ ।

१४.प्राकृतिक स्रोतको संरक्षण, तटबन्ध व्यवस्थापन, राजस्व अभिवृद्धि तथा अवैध दोहन नियन्त्रणका लागि नियमित अनुगमन तथा नियन्त्रण प्रणाली सुदृढ गरिनेछ ।

१५.गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुले कार्यालय समयबाहेक अतिरिक्त समयमा काम गरे वापत प्रोत्साहनको उचित व्यवस्था गरिनेछ ।

१६.गाउँपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ सम्मान र पुरस्कृत गर्ने नीतिलाइ महत्व दिइनेछ ।

१७.स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट निरुपणका लागि न्यायका मान्य सिद्धान्तको अधिनमा रही गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइनेछ ।

१८.न्यायिक समितिको काममा चुस्त दुरुस्त, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायीक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिनेछ ।

१९.न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिवृद्धि कार्यक्रमको व्यवस्था गरिनेछ ।

२०.यस गाउँ कार्यपालिकाको कार्यालयमा संचालन तथा व्यवस्थापन हुने सम्पूर्ण कार्यक्रम, तालिम, बैठकहरुमा छापिएका व्यानरहरु पूर्ण रुपमा प्रतिबन्ध लगाई डिजिटल ब्यानरहरुको प्रयोगलाई बढावा दिइनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले **"समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखबासीको सदिक्षा"** भन्ने नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ भन्ने विश्वास लिएको छु । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई सबैको साझा प्रयास, समन्वय, सहकार्य र अपनत्वबोधबाट प्रस्तुत नीति तथा कार्यक्रम कुमाखको विकासमा कोशेढुंगा सावित हुनेछ भन्ने आशा र विश्वास छ । कुमाख गाउँपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा अमुल्य सल्लाह सुझाव दिनुहुने गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षहरु, सभा सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, श्री विकास साझेदारहरु (गैर सरकारी संघ/संस्था, सहकारी संस्था, सामुदायिक तथा सामाजिक संघ/संस्था, उपभोक्ता समिति/समूह) नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्वहरु लगायत आम गाउँपालिका बासीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद !**